# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, पूस १६ गते २०४० साल ( अतिरिक्ताङ्क ५१

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमण र बाटोमा पर्ने अन्य केही मित्रराष्ट्रहरूको भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०४० साल पूस १६ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमण पूरा गरी स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ । हाम्रा दुई देशका जनताबीच प्रायः सबैजसो तहहरूमा सद्-भावनाको अभिवृद्धि भएकोले यो भ्रमण स्मरणीय रहेको छ। नेपाललाई शान्ति-क्षेत्रको रूपमा मान्यता प्रदान गरेर संयुक्त राज्य अमेरिकाले नेपाली जनताको प्रशंसा प्राप्त गरेको छ । यसँगरी नेपाली जनताको समुन्नतिका लागि भइरहेका हाम्रा विकासका प्रयासहरूमा अमेरिकी सरकार र जनताले निरन्तर दर्शाउँदै आएको अभिरूचि र सकारात्मक समर्थनको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९५

यस भ्रमणले हामीलाई महामहिम राष्ट्रपति रोनाल्ड रेगनका साथ अन्तर्राष्ट्रिय शान्ति, समझदारी तथा सहयोगका विषयहरू लगायत आपसी हितका कुराहरूमा विचारहरूको आदान-प्रदान गर्ने सुअवसर पनि प्रदान गऱ्यो। यसै अवसरमा अमेरिकी जनजीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त महानुभावहरूसँग पनि हाम्रो भेटघाट भयो। यसरी यस भ्रमणले हाम्रा आन्तरिक एवम् बाह्य नीतिका केही मूलभूत विशेषताहरूसँग अमेरिकी जनतालाई परिचित तुल्याउने सुअवसर दिएर संयुक्त राज्य अमेरिकासँगको हाम्रो मित्रताको गाँठोलाई बलियो पारेको छ। सौहार्दताको यो वातावरणमा खासगरी नेपालको जलस्रोतको सदुपयोग र विकास गर्ने सम्बन्धमा हाम्रा दुवै सरकारहरूले भविष्यमा निरन्तर सहयोग उपलब्ध गराउन आपसमा मिलेर काम गर्नेछन् भन्ने हामीले आशा राखेका छौं।

संयुक्त राज्य अमेरिकातर्फ जाँदा हामीले लक्जम्बर्गको मैत्रीपूर्ण भ्रमण पनि गऱ्यौं। यस भ्रमणकालमा हामीले हार्दिक आतिथ्यका साथै नेपालको शान्तिक्षेत्रको प्रस्तावप्रति लक्जम्बर्गको समर्थन प्राप्त गऱ्यौं। लक्जम्बर्ग र जापानका बसाइँमा त्यहाँका राष्ट्राध्यक्षहरूसँग भएको हाम्रो भेटघाटले हाम्रो पारस्परिक हित र मैत्री सम्बन्ध गहन र सुदृढ हुन गएको अनुभव पनि हामीले गरेका छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्रसेवकलाई पनि ऐन कानून बमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं। अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको वृहत् हित-लाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।